# नोभल कोरोना भाइरससम्बन्धी परामर्शबारे

## परामर्श काउन्टर (जापानमा फर्केर आएको व्यक्ति र भाइरसको सम्पर्कमा आएको व्यक्तिको लागि परामर्श केन्द्र)

हाल देखिइरहेको नोभल कोरोना भाइरस सङ्क्रामक रोग प्रतिको जिल्लाबासीको चिन्ता हटाउनको लागि फोन परामर्श काउन्टरको स्थापना गरिएको छ।



| | | |
|---|---|---|
| स्वास्थ्य केन्द्रहरू | इवाकुनी स्वास्थ्य कल्याण केन्द्र | 0827－29－1523 |
| | यानाइ स्वास्थ्य कल्याण केन्द्र | 0820－22－3631 |
| | स्युनान स्वास्थ्य कल्याण केन्द्र | 0834－33－6423 |
| | यामागुची स्वास्थ्य कल्याण केन्द्र | 083－934－2533 |
| | यामागुची स्वास्थ्य कल्याण केन्द्र, होउफु शाखा | 0835－22－3740 |
| | उबे स्वास्थ्य कल्याफण केन्द्र | 0836－31－3203 |
| | नागातो स्वास्थ्य कल्याण केन्द्र | 0837－22－2811 |
| | हागी स्वास्थ्य कल्याण केन्द्र | 0838－25－2667 |
| | सिमोनोसेकी सहर सिमोनोसेकी स्वास्थ्य केन्द्र * | 083－250－7778 |
| | जिल्ला स्वास्थ्य प्रवर्धन शाखा * | 083－933－3502 |

**[खुला समय]  9:00～17:00  (बहुभाषी सेवा उपलब्ध छ)**

*** शनिबार, आइतबार र सार्वजनिक बिदाको दिनमा, जिल्ला स्वास्थ्य प्रवर्धन शाखामा र सिमोनोसेकी सहरमा बसोबास गर्ने व्यक्तिहरूको लागि सिमोनोसेकी सहरको सिमोनोसेकी स्वास्थ्य केन्द्रमा सेवा उपलब्ध हुनेछ।**

## जापानमा फर्केर आएको व्यक्ति र भाइरसको सम्पर्कमा आएको व्यक्तिको लागि फोन परामर्श बारे (फर्केको र सम्पर्कमा आएको व्यक्तिको परामर्श केन्द्र)

**नोभल कोरोना भाइरस सङ्क्रामक रोगको शंका भई, लक्षणहरू देखिएमा, स्वास्थ्य संस्थामा जानु अघि अनिवार्य रूपमा, माथि लेखिएको नजिकको स्वास्थ्य केन्द्रमा फोन गर्नुहोस्।**

आपत्कालिन अवस्थामा, खुला रहेन समय बाहेकको समयमा पनि परामर्श दिइन्छ। साथै आवश्यकता अनुसार स्वास्थ्य संस्थाको जानकारी पनि दिइन्छ।

**○ रुघाको लक्षणहरू र 37.5 डिग्री सेल्सियसको ज्वरो 4 दिन वा सोभन्दा बढी आइरहेको व्यक्ति (यसमा ज्वरो कम गर्ने औषधि सेवन गरिरहनुपर्ने व्यक्ति पनि पर्छ)**

**○ ज्यादै थाकेको मसहुस हुने (अज्ञात कारणले असहज मसहुस हुने) वा सास फेर्न कठिनाइ (श्वासप्रश्वासमा कठिनाइ) भएको व्यक्ति**



* वृद्धवृद्धा, मधुमेह, हर्ट फेल, श्वासप्रश्वासको रोग (COPD आदि) जस्ता दिर्घकालीन रोगहरू भएको व्यक्ति र डायलासिस गरिएको व्यक्ति, प्रतिरक्षा प्रणालीलाई कमजोर गर्ने औषधि वा क्यान्सर विरुद्धको औषधि आदि प्रयोग गरिरहेको व्यक्तिमा 2 दिन जति यस्तो स्थिति भइरहेमा परामर्श लिनुहोस्।

* यस रोगको गम्भीरतालाई ध्यानमा रेखेर गर्भवती महिलाले सुरुवाती अवस्थामा नै परामर्श लिनुहोस्।

**<परामर्श र जँचाउन जानु अगाडि ध्यान दिएर निम्न कुराहरू गर्नुहोस्>**

- ज्वरो आउने जस्ता रुघाका लक्षणहरू देखिएको बेला, विद्यालय वा कार्यालयबाट बिदा लिई घर बाहिर नजाने।
- ज्वरो आउने जस्ता रुघाका लक्षणहरू देखिएमा हरेक दिन शरीरको तापक्रम नापी रेकर्ड गरेर राख्ने।

नोभल कोरोना भाइरस सङ्क्रामक रोगसम्बन्धी नयाँ जानकारीको लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होमपेज हेर्नुहोस्।

**यामागुची जिल्ला**

नोभल कोरोना  स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय